केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०३/०८३/८४

मिति: २०८३/०५/११

## सूचना

महाशय,

यस बैंकबाट जारी गरिएको **"इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०८२"** लाई संशोधन गरी संलग्नबमोजिमको **"इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०८२ (प्रथम संशोधन)"** जारी गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

भवदीय,

कार्यकारी निर्देशक

# इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०८२ (प्रथम संशोधन)

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बालुवाटार

# इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्ने सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०८२ (प्रथम संशोधन)

**प्रस्तावनाः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४७ को उप-दफा (१) अनुसार इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले लाभांश घोषणा तथा वितरण गर्न यस बैंकको स्वीकृति लिनुपर्ने तथा बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नं. ४ को बुँदा १(झ) अनुसार वार्षिक साधारण सभामा पेश गर्ने वार्षिक हिसाब सार्वजनिक गर्न यस बैंकको सहमति लिनुपर्ने व्यवस्था बमोजिम आवश्यक स्वीकृति र सहमति प्रदान गर्दा अपनाइने प्रकृयामा एकरुपता कायम गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकका गभर्नरबाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

## खण्ड (क)

## वित्तीय विवरण प्रकाशित गर्न सहमति प्रदान गर्ने सम्बन्धमा

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो वार्षिक हिसाबको आधारमा तयार पारेको वार्षिक वित्तीय विवरण बाह्य लेखापरीक्षकबाट प्रारम्भिक लेखापरीक्षण कार्य समाप्त भएपछि तयार भएको प्रारम्भिक प्रतिवेदन, सो प्रतिवेदन उपर व्यवस्थापनको जवाफ तथा सोका आधारमा यस बैंकले तोकिदिएको ढाँचामा तयार पारिएको वित्तीय विवरण प्रारम्भिक रुपमा छलफलको लागि सम्बन्धित सुपरिवेक्षण विभागमा पेश भएपश्चात देहायका विषयहरु यकिन गरी सो समेतका आधारमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुसँग छलफल गरी संशोधन गर्नु पर्ने अवस्था देखिएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई जानकारी गराउने । सो पश्चात बाह्य लेखापरीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन सहित सञ्चालक समितिबाट स्वीकृत भएको वित्तीय विवरण प्रकाशन गर्न सहमति दिन सम्बन्धित सुपरिवेक्षण विभागले प्रक्रिया अघि बढाउने ।

१) लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन र सो उपर व्यवस्थापनको जवाफ, स्थलगत निरीक्षण प्रतिवेदन लगायत उपलब्ध आधिकारिक कागजातबाट सारभुत रुपमा वित्तीय विवरणलाई असर गर्न सक्ने रकम तथा जानकारीलाई अपरिष्कृत वित्तीय विवरणमा आवश्यक समायोजन सहित यस बैंकले तोकेको ढाँचामा प्रस्तुत गरे/नगरेको ।

२) एकीकृत निर्देशन नं. ८ मा रहेको व्यवस्था बमोजिम छुट प्रदान गरिएकोमा बाहेक धितोपत्र विनिमय बजारमा सूचीकृतभई नसकेको संगठित संस्थाको सेयर वा डिवेञ्चरमा गरेको लगानी त्यस्तो लगानी गरेको मितिले ३ वर्षभित्र सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गरे/नगरेको ।

३) इजाजतपत्रप्राप्त संस्थाले सालतमामीमा मौज्दातमा रहेको विदेशी मुद्राको पुनरमूल्याङ्कन गर्दा नोक्सान भएमा नाफा नोक्सान हिसावमा खर्च जनाउनु पर्ने र खुद नाफा भएमा सोलाई नाफा नोक्सान हिसावमा आम्दानी जनाई उक्त नाफाको कम्तीमा २५ प्रतिशत रकम सटही समिकरण कोषमा जम्मा गरे/नगरेको ।

४) एक आपसमा गाभ्ने /गाभिने वा प्राप्तिमा संलग्न बैंक तथा वित्तीय संस्थाहरुको लेखांकन यस बैंकको निर्देशन बमोजिम भए/नभएको । यसरी एक हुने संस्थाको चुक्ता पूँजीमा फरक भई हुन आउने बचत रकमलाई पूँजीगत जगेडा कोषमा लेखांकन गरे/नगरेको तथा त्यस्तो पुँजीगत जगेडा कोषमा रहेको रकम नगद लाभांश वितरण गर्न नपाउने व्यवस्थाको पालना भए/नभएको ।

साथै, Merger/Acquisition Reserve मा लेखांकन गर्नुपर्ने रकम भए यस बैंकको निर्देशन बमोजिम लेखांकन गरे/नगरेको तथा त्यस्तो कोषमा रहेको रकमबाट लाभांश वितरण गर्न नपाउने व्यवस्थाको पालना भए/नभएको ।

५) एकीकृत निर्देशन नं. ४ को नियमनकारी समायोजन सम्बन्धी व्यवस्था बमोजिम वित्तीय विवरणहरुमा देहाय बमोजिमको नियमनकारी समायोजन गरी नियमनकारी कोष (Regulatory Reserve) मा रकम जम्मा भए/नभएको ।

- वित्तीय विवरणमा रहेको ब्याज आम्दानी मध्ये यस बैंकको निर्देशन बमोजिम नियमनकारी कोषमा राख्न छुट प्रदान गरिएको बाहेकको प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने प्रचलित नियमानुसारको आयकर, कर्मचारी बोनस तथा वैधानिक कोष कट्टा गरी बाँकी रहेको रकम,
- Interest capitalized Term loan (ICTL) मा लेखांकन भएको पुँजीकृत व्याज बराबरको रकममा प्रचलित व्यवस्थाअनुसारको रकम कट्टा गरी बाँकी रहेको रकम,
- NFRSs बमोजिम लेखांकन हुने कर्जा हानी नोक्सानी (Impairment Loss) रकम यस बैंकबाट जारी निर्देशन बमोजिम कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था रकम भन्दा कम भएमा कम भएजति रकम,
- NFRSs बमोजिम Fair Value Through Profit or Loss मा लेखाङ्कन गरेको लगानीका साथै अन्य कुनै सम्पत्तिहरु Fair Value Gain (Unrealized Gain) भएमा उक्त लाभ (Gain) वापतको रकम,
- गैरबैकिङ्ग सम्पत्तिको कुल रकममा प्रचलित नियमानुसारको आयकर, कर्मचारी बोनस तथा वैधानिक कोष वापतको रकम कट्टा गरी बाँकी हुने रकम,
- वित्तीय विवरणको सञ्चित मुनाफा र/वा अन्य वितरण योग्य मुनाफासँग सम्बन्धित खुद स्थगन कर सम्पत्ति बराबरको रकम,
- Merger/Acquisition बाट सिर्जित Bargain Purchase Gain को लेखाङ्कन गरिएमा लेखाङ्कन गर्दाको वर्षमा सोको किताबी मूल्य (Carrying Amount) बराबरको रकम,
- Merger/Acquisition Reserve मा लेखाङ्कन गरिएको रकम,
- कर्मचारी खर्चको लेखाङ्कन गर्दा बीमांकिय मूल्याङ्कन (Actuary Valuation) बमोजिम सिर्जना भएको बीमांकिय घाटा (Actuarial Loss) लाई Other Comprehensive Income मा लेखाङ्कन भएको अवस्थामा सो बराबरको रकम,
- कुनै खर्च रकम नाफा नोक्सान हिसाबमा लेखाङ्कन नभई Other Comprehensive Income मार्फत वा सोझै इक्विटीमा लेखाङ्कन भई इक्विटी हिसाव अन्तर्गतको सम्बन्धित शीर्षक ऋणात्मक भएमा सो बराबरको रकम, र

- सम्बन्धित सुपरिवेक्षण विभागले निर्देशन दिए बमोजिमको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्ने ।

६) नियमनकारी कोषमा जम्मा भएको रकम एकीकृत निर्देशन नं ४ मा उल्लेखित व्यवस्था एवं यस बैंकले दिएको स्वीकृति बाहेकका अवस्थामा खर्च गर्न नपाइने व्यवस्थाको पालना भए/नभएको ।

७) Merger/Acquisition बाट सिर्जित Bargain Purchase Gain को लेखाङ्कन गरी नियमनकारी कोषमा जम्मा भएको सो बापतको रकमबाट Bonus Share जारी गर्ने स्वीकृतिका लागि पेश गर्दा सोको विस्तृत विवरण सहित पेश गरे/नगरेको ।

८) नियमनकारी कोषमा जम्मा तथा खर्च भएको रकम सहित कोषमा भएको परिवर्तनको विवरण (प्रत्येक Component मा जम्मा तथा खर्च भएको रकम छुट्टिने गरी) आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा उल्लेख (Disclose) गरे/नगरेको ।

९) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम चुक्ता पूँजीको दोब्बर नभएसम्म प्रत्येक आर्थिक वर्षको खुद नाफाबाट कम्तीमा वीस प्रतिशत र त्यस पछिका आर्थिक वर्षमा कम्तीमा दश प्रतिशत रकम साधारण जगेडा कोषमा जम्मा गरे/नगरेको ।

साथै, Statement of Other Comprehensive Income मा लेखांकन भएको आयलाई वितरण गर्दा वितरण हुने रकमको २० प्रतिशत रकम साधारण जगेडा कोषमा जम्मा गरे/नगरेको ।

१०) यस बैंकबाट गरिएका स्थलगत निरीक्षणको आधारमा कर्जा नोक्सानी व्यवस्था थप गर्नुपर्ने निर्देशन सहित निरीक्षण प्रतिवेदन संस्थामा प्रेषित भईसकेको अवस्थामा प्रतिवेदन अनुसारको थप कर्जा नोक्सानी व्यवस्था वार्षिक वित्तीय विवरणमा नै कायम गरे/नगरेको ।

साथै, प्रारम्भिक निरीक्षण प्रतिवेदन संस्थामा पेश भईसकेको तर अन्तिम स्थलगत निरीक्षण प्रतिवेदन कार्यान्वयनका लागि संस्थामा प्रेषित नभईसकेको अवस्थामा स्थलगत निरीक्षण टोलीसंग समन्वय गरी विभागले आवश्यक निर्णय लिनु पर्नेछ ।

११) एकीकृत निर्देशनमा तोकिएबमोजिमको प्रतिशतमा संस्थागत सामाजिक उत्तरदायित्व कोष, ग्राहक संरक्षण कोष तथा कर्मचारी दक्षता अभिबृद्धिमा जम्मा तथा खर्च गरे/नगरेको ।

१२) पुनर्कर्जा, Business Continuity कर्जा तथा सहुलियत कर्जाको विवरण संस्थाको वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा उल्लेख (Disclose) गरे/नगरेको ।

१३) यस बैंकबाट जारी भएको NFRS 9- Expected Credit Loss Related Guideline, 2024 र Guidance Note on Interest Recognition, 2025 बमोजिम संस्थाले अपनाएको लेखानीति तथा लेखांकनको लागि प्रयोग गरेको विधी (Method), अनुमानहरु (Assumptions) र जानकारीहरु (Informations) संस्थाको वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा उल्लेख (Disclose) गरे/नगरेको ।

१४) डिबेञ्चर/अन्य ऋण उपकरण जारी गर्ने बैंक तथा वित्तीय संस्थाले भुक्तानी कोष (Capital Redemption Reserve) मा समानुपातिकरुपमा जम्मा गर्नुपर्ने व्यवस्था पालना भए/नभएको ।

१५) अविमोच्य असञ्चिति अग्राधिकार सेयरको लाभांश वितरण नाफा नोक्सान बाँडफाँड हिसाबमार्फत् चालु आर्थिक वर्षको मुनाफाबाट मात्र गर्नुपर्ने र यसका लागि संचित मुनाफा खाता एवम् कुनै पनि कोष खर्च गर्न नपाइने व्यवस्था पालना भए/नभएको ।

१६) विद्यमान नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard –NFRS) Events after the Reporting Period बमोजिम वित्तीय विवरण जारी गर्ने स्वीकृतिको मिति (Issue Date) सम्मका Adjusting events लाई गत आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गरेको भए सोको विवरण संस्थाले लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा उल्लेख (Disclose) गरे/नगरेको ।

१७) कर्मचारी दायित्वको बीमांकिय मूल्यांकन (Actuarial Valuation) गराउँदा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को प्रावधान अनुरुप विगतको तथ्याङ्कमा आधारित रही यथार्थपरक अनुमानहरु (Assumption) लिई मूल्यांकन गराए/नगराएको ।

१८) आर्थिक वर्षको समाप्ति भएपश्चात् नियमनकारी व्यवस्था बमोजिम तोकिएको समयभित्र असुल भएको व्याज रकमको विवरण खुलाए/नखुलाएको ।

***

## खण्ड (ख)

## लाभांश स्वीकृति सम्बन्धमा

वित्तीय प्रणालीमा जोखिमको मात्रा बढ्दै गई भविष्यमा बैंक तथा वित्तीय संस्थाहरुले नोक्सानी व्यहोर्नुपर्ने संभावना रहने, कतिपय बैंक तथा वित्तीय संस्थाहरुको जोखिम मूल्याङ्कन एवम् जोखिम न्यूनीकरण, आन्तरिक नियन्त्रण प्रणाली एवम् संस्थागत सुशासनको अवस्था सुदृढ भई नसकेको, तरलताको स्थिति सहज हुँदा पनि पुँजीकोष पर्याप्त नरहेको कारणले कर्जा प्रवाह गर्ने क्षमता समेत प्रभावित हुने तथा कतिपय अवस्थामा कर्जा निरन्तर नवीकरण गरी कर्जा वर्गीकरण समेत प्रभावित हुन सक्ने हुँदा बैंक तथा वित्तीय संस्थाहरुको पुँजीलाई थप सवल गराई, संस्थालाई बढी सुदृढ गराउने गरी लाभांश स्वीकृत प्रयोजनको लागि प्रचलित कानुनको अधिनमा रही देहाय अनुसार गर्ने व्यवस्था मिलाइएको छ :

१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४७ उपदफा (२) अनुसार निम्न अवस्था पुरा गरेमा मात्र नगद लाभांश तथा बोनस शेयर घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने:

क) सम्पूर्ण प्रारम्भिक खर्च अपलेखन गरेको,

ख) अघिल्लो वर्षसम्म हुन गएको नोक्सानी बाँकि नरहेको,

ग) तोकिएको पुँजी कायम गरेको,

घ) तोकिएको न्यूनतम पुँजीकोष कायम गरेको,

ङ) सम्भावित नोक्सानी व्यवस्थामा छुट्याउनुपर्ने रकम छुट्याएको,

च) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४४ बमोजिम साधारण जगेडा कोषमा विनियोजन गरेको,

छ) सर्वसाधारणलाई छुट्याइएको शेयर पूर्ण रुपमा बिक्री बितरण गरेको ।

२) शेयर प्रिमियम तथा Bargain Purchase Gain को रकमबाट नगद लाभांश घोषणा एवं वितरण गर्न स्वीकृति नदिने ।

३) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अन्य इजाजपत्रप्राप्त बैंक तथा वित्तीया संस्थाहरुमा गरेका संस्थापक शेयर लगानी (Cross Holding) बिक्री नगरेसम्म त्यस्तो संस्थाले पाउने नगद लाभांश तथा बोनस शेयर लाभांश वितरण रोक्का राख्ने ।

४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बाहेक अन्य प्रचलित कानून बमोजिम स्थापना भएको बचत तथा ऋणको कारोबार गरिरहेका संस्थाहरुले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा गरेको लगानी बिक्री गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो संस्थाले पाउने नगद लाभांश तथा बोनस शेयर वितरण गर्न रोक्का राख्ने ।

तर, “घ” वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा यस अघि नै शेयर लिई कायम रहेको अवस्थामा यो व्यवस्था लागु नहुने ।

५) इजाजतपत्रप्राप्त संस्थाले कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्न नसकेको भएतापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न स्वीकृति नदिने ।

६) आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण सभाको स्वीकृति लिने मितिसम्मको अवधिमा शीघ्र सुधारात्मक कारवाही कार्यान्वयन भई उक्त अवधिसम्ममा त्यस्तो कारवाही फुकुवा नभएको अवस्थामा नगद लाभांश तथा बोनस शेयर घोषणा गर्न वा वितरण गर्न स्वीकृति नदिने ।

७) "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु तथा "ख" वर्गका इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरका विकास बैंकहरुले नगद लाभांश घोषणा गर्ने प्रयोजनका लागि Capital Adequacy Framework, 2015 तथा पुर्वाधार विकास बैंकहरुले नगद लाभांश घोषणा गर्ने प्रयोजनका लागि Capital Adequacy Framework, 2018 अनुसार प्रस्तावित नगद लाभांशको रकम घटाए पश्चात सुपरीवेक्षकीय समायोजन सहित Common Equity Tier 1 Ratio को आधारमा तथा प्रस्तावित नगद लाभांशको रकम घटाए पछि बाँकी रहने सुपरीवेक्षकीय समायोजन पश्चात Buffer सहित तोकिएको न्युनतम प्राथमिक पुँजी तथा पुँजीकोष वा सोभन्दा बढी कायम गरेमा मात्रै नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने ।

"ख (राष्ट्रियस्तरका विकास बैंक बाहेक)", "ग" र "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुको सम्बन्धमा नगद लाभांश घोषणा गर्ने प्रयोजनका लागि Capital Adequacy Framework, 2007 (Updated July, 2008) र लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. १ बमोजिमको व्यवस्था अनुसार इजाजतप्राप्त संस्थाले कायम गर्नुपर्ने तोकिएको न्युनतम प्राथमिक पुँजीमा कम्तिमा ०.५ प्रतिशत र पुँजीकोषमा कम्तिमा १ प्रतिशत Buffer कायम गर्न उपयुक्त हुने हुँदा बैंक तथा वित्तीय संस्थाहरुले प्रस्तावित नगद लाभांशको रकम घटाए पछि बाँकी रहने सुपरीवेक्षकीय समायोजन सहित देहाय बमोजिमको पुँजीकोष कायम गरेमा मात्रै नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने ।

क) "ख (राष्ट्रियस्तरका विकास बैंक बाहेक)" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा प्राथमिक पुँजी ६.५ प्रतिशत र पुँजीकोष ११ प्रतिशत वा सो भन्दा बढी रहेको,

ख) "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पुँजीकोष ९ प्रतिशत वा सो भन्दा बढी रहेको,

तर, वोनस शेयर वितरण गर्दा कर प्रयोजनका लागि आवश्यक कर रकम बराबर नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिन बाधा नपर्ने ।

८) समस्यामा रहेका बैंक तथा वित्तीय संस्थामा रहेको अन्तरबैंक लगानी, निक्षेप, कर्जा लगायतका दाबीमा शतप्रतिशत नोक्सानी व्यवस्था कायम गर्न लगाउने । त्यसैगरी विविध समस्यामा रही धितो लगायतका सम्पत्ति रोक्का रहेका ग्राहकहरुको कर्जामा समेत शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने ।
तर माथि उल्लिखित दाबीहरुमा रहेको धितो बिक्री गर्न यस बैंकले बन्देज लगाएको वा सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले बिक्री गर्न वा रोक्का फकुवा गर्न पहल गरेको भए कम्तीमा शंकास्पद वर्गको कर्जामा कायम हुनुपर्ने नोक्सानी व्यवस्था कायम गर्नु पर्ने र आर्थिक वर्षको अन्तसम्ममा शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने । यस बैंकले धितो बिक्री गर्न बन्देज लगाएकोमा वा

त्यस्तो सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले बिक्री गर्न तथा रोक्का फुकुवा गर्न यस बैंकमा पत्राचार गरी पहल नगरेमा त्यस्तो धितो रहेका अन्तर बैंक लगानी, निक्षेप, कर्जा लगायतका दावी वापत शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने । साथै, गत आर्थिक वर्षमा नोक्सानी व्यवस्था कायम गरिसकेको अवस्थामा त्यस्तो कर्जा असुल नभएसम्म नोक्सानी व्यवस्था फिर्ता गर्न नपाइने ।

९) विद्यमान नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) Events after the Reporting Period बमोजिम वित्तीय विवरण जारी गर्ने स्वीकृतिको मिति (Issue Date) सम्मका Adjusting events लाई गत आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गर्न सकिने तर लाभांश घोषणा गर्ने प्रयोजनका लागि सो आर्थिक वर्ष सकिएको मितिबाट सामान्यतया ४५ दिन भित्रका र बाह्य लेखापरीक्षकद्वारा Adjusting events हो भनी प्रमाणित गरेका Events लाई समायोजन गरी हुन आउने नाफा-नोक्सान हिसाबलाई आधार लिई लाभांश स्वीकृति प्रदान गर्न सकिने ।

तर, कर्जा नोक्सानी व्यवस्था फिर्ता रकम समायोजन गर्ने हकमा धितोमा रहेको सम्पत्ति बिक्री तथा ऋणीको आन्तरिक नगद प्रवाहबाट कर्जा चुक्ता गरेको सम्बन्धित संस्थाले यकिन गरी सो कर्जामा कायम रहेको कर्जा नोक्सानी व्यवस्था रकमलाई समायोजन गर्न सकिने ।

१०) यस बैंकबाट लाभांश घोषणा तथा वितरणमा सीमा तोकिएको खण्डमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक वर्षको खुद वितरणयोग्य मुनाफाबाट यस बैंकबाट तोकिएको सीमाभन्दा बढी लाभांश घोषणा तथा वितरण गर्न नपाउने ।

यसरी वितरणयोग्य मुनाफा गणना गर्दा कुनै अस्पष्टता नरहोस भन्ने हेतुले यस वर्षको मुनाफामा यस वर्षभन्दा अघिको वर्षहरुबाट संचित रहेको वितरणयोग्य मुनाफालाई जोडेर यस वर्षको लागि कुल वितरणयोग्य मुनाफा गणना गर्न बाधा नपर्ने ।

११) यस बैंकले तोके बमोजिम मासिक रुपमा औसत व्याजदर अन्तर कायम गर्न नसक्ने बैंक/वित्तीय संस्थालाई उक्त आर्थिक वर्षको बोनस सेयरको कर प्रयोजन बाहेकको नगद लाभांश घोषणा तथा वितरण गर्न रोक लगाउने ।

१२) बैंक वा वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको मितिले पाँच वर्ष पुगेपछि र सर्वसाधारण शेयर जारी गरेपछि चुक्ता पूँजीको दुई प्रतिशतभन्दा बढी शेयर धारण गर्ने आफ्नो संस्थापकले नाममा रहेको शेयर धितोबन्धक राखी कर्जा लिंदा यस बैंकको स्वीकृति नलिएको अवस्थामा त्यस्ता शेयरधनीहरुलाई कर्जा चुक्ता नभएसम्म बैंक तथा वित्तीय संस्थाले वितरण गर्ने नगद लाभांश वा बोनस शेयर रोक्का राख्ने ।

१३) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको चुक्ता पूँजीको कुल योग भन्दा गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात कायम हुने संस्थाको चुक्ता पूँजी कम हुने भएमा चुक्ता पूँजीमा फरक हुन आउने रकम (बचत) लाई पूँजीगत जगेडा कोष (Capital Reserve) मा लेखाङ्कन गर्नु पर्ने र यस्तो रकमबाट शेयरधनीहरुलाई नगद लाभांश बाँड्न स्वीकृति नदिने ।

१४) गाभिने तथा प्राप्ति सम्बन्धी लेखाङ्कन गर्दा Other Component of Equity मध्ये गाभिने वा प्राप्ति भई आउने संस्थाको Acquisition Date मा कायम रहेको विभिन्न शिर्षकका कोषहरु (सञ्चित मुनाफा सहित) र पूँजीगत जगेडा कोष बाहेकपनि रकम बाँकी हुन आएमा सो रकमलाई Merger/Acquisition Reserve मा लेखाङ्कन गर्नुपर्ने र सो रिजर्भमा भएको रकमबाट शेयरधनीहरुलाई लाभांश बाड्न स्वीकृति नदिने । तर गाभिने वा प्राप्ति भई उत्पन्न भएको Goodwill को हानी नोक्सानी (Impairment Loss) नाफा नोक्सान हिसाबमा खर्च लेखाङ्कन भए बराबरको रकम लाभांश वितरण गर्न पाउने ।

१५) ऋणपत्र/भुक्तानी योग्य अपरिवर्तनीय अग्राधिकार शेयर भुक्तानी गरेपछि सो वापत भुक्तानी समायोजन कोषमा राख्नु पर्ने रकमलाई पुँजी समायोजन कोषमा रकमान्तर गरी जम्मा भएको रकमबाट बोनस शेयरमात्र जारी गर्न स्वीकृति दिन सकिने ।

१६) इजाजतपत्रप्राप्त संस्थाको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानीमध्ये आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित व्यवस्थाअनुसारको आयकर तथा कर्मचारी बोनस तथा वैधानिक कोष (साधारण जगेडा कोष र संस्थागत सामाजिक उत्तरदायित्व कोष) मा जम्मा गरेको रकम कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गरेको/नगरेको ।

१७) निष्कृय वर्गमा (पुनरसंरचना र पुनरतालिकीकरण बाहेक) वर्गीकरण भएका कर्जाको भाखा नाघेको सम्पूर्ण बक्यौता (साँवा र ब्याज) रकम भुक्तानी भई ३ महिनासम्म कर्जा नियमित भएको अवस्थामा जुन वर्ग (कमसल, शंकास्पद र खराब) मा वर्गीकरण भएको छ, सोही वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र स्तरोन्नती हुनेगरी सोही बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गरेको/नगरेको ।

***

## अनुसूची

यस बैंकबाट जारी गरिएका निर्देशन, परिपत्र तथा प्रचलित कानूनी व्यवस्थाहरुको पुर्णरुपमा परिपालना गरेर मात्र लाभांश वितरण तथा वित्तीय विवरण प्रकाशन गर्नुपर्ने जानकारी गराउँदै पत्राचार गर्नुपर्ने सम्बन्धमा एकरुपता कायम गर्न देहाय बमोजिमको ढाँचा यस कार्यविधि अन्तर्गत राखिएको तथा उक्त ढाँचामा केही परिमार्जन गर्नुपर्ने भएमा विभागीय प्रमुखको स्वीकृतिमा गर्न सकिने ।

प.सं: ........... मिति : .....................

च.नं. ......

सम्बन्धित बैंक/वित्तीय संस्थाको नाम,

ठेगाना ।

**विषयः लाभांश घोषणा/वितरण तथा वित्तीय विवरण प्रकाशन सम्वन्धमा ।**

महाशय,

त्यस बैंक/वित्तीय संस्थाबाट पेश गरिएका वित्तीय विवरण तथा अन्य कागजातहरुका आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४७ को उपदफा (२) का प्रावधानहरु पालना गरेको देखिएको हुँदा, सोही ऐनको उपदफा (१) बमोजिम बैंकले आ.व............को संचित मुनाफा रु............. (अक्षरेपी .....................) (*आवश्यकता अनुसार खुलाउने ऋणपत्र भुक्तानी कोषमा जम्मा नभएको रकम रु................. समेत*) बाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु....................... को ....... प्रतिशतले हुने रकम रु................. (अक्षरेपी ......................) बराबरको बोनस शेयर र सोही चुक्ता पुँजीको ......... प्रतिशतले हुने रकम रु. ................ (अक्षरेपी ........................) बराबरको नगद लाभांश (कर प्रयोजनका लागि समेत) गरी कुल रु........................ (अक्षरेपी .........................) अन्य प्रचलित कानूनी व्यवस्थाको समेत पालना गर्ने गरी वार्षिक साधारण सभाबाट स्वीकृत भएको अवस्थामा मात्रै वितरण गर्न स्वीकृतिका साथै आ.व............. को वार्षिक हिसाब वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ देहायका निर्देशन सहित सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

१. लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु पूर्णरुपले सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने आवश्यक व्यवस्था मिलाउनुहुन ।

२. यस बैंकबाट जारी गरिएका निर्देशन, परिपत्र तथा प्रचलित कानूनी व्यवस्थाहरुको पुर्णरुपमा परिपालना गरेर मात्र लाभांश वितरण गर्नुहुन ।

३. अन्य आवश्यक निर्देशनहरु दिनुपर्ने भएमा उल्लेख गर्ने ।

उपरोक्त निर्देशनहरुलाई त्यस बैंकको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्नुहुन ।

**बोधार्थ :**

१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

२. सम्बन्धित सुपरिवेक्षण विभाग, सम्बन्धित प्रतिवेदन कार्यान्वयन इकाई ।

३. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग । (Repatriation को अवस्था हुने भएमा मात्र)

**नोट : उपरोक्त ढाँचामा केही परिमार्जन गर्नुपर्ने भएमा विभागीय प्रमुखको स्वीकृतिमा गर्न सकिने ।**

***